annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८२ पृष्ठ ८ | काठमाडौं, सोमबार ७ साउन २०८१ | साउन कृष्णपक्ष प्रतिपदा, नेपाल … | MONDAY, JU… | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# ओलीलाई दुईतिहाइ

प्रधानमन्त्री केपी शर्मा ओलीले दुईतिहाइभन्दा बढी विश्वासको मत पाएका छन् । प्रतिनिधिसभामा आइतबार भएको मतदानमा उनको पक्षमा १ सय ८८ मत परेको हो । यो २ सय ७५ सदस्यीय सांसदको ६८.३६ प्रतिशत हो । विश्वासको मतको मत विभाजनको बैठकमा २ सय ६३ सांसद उपस्थित थिए । प्रधानमन्त्रीले पाएको मत खसेको मतको ७१.४८ प्रतिशत हुन आउँछ । विश्वासको मतका लागि अपिल गर्ने क्रममा प्रधानमन्त्रीले देशको निराशाको चित्र प्रस्तुत गरेका थिए ।

समाचार पृष्ठ २

तारा चापागाई | *काठमाडौं*

– को रिपोर्ट






**विश्वासको मत माग्दै प्रधानमन्त्रीले भने–**

- 'सिंगो देश निराशामा फसेको छ। २०४६ सालपछिको पुस्ताले यति चरम निराशा सायद पहिलोपटक अनुभव गर्‍यो। अर्थतन्त्र असाध्यै डामाडोलको अवस्थामा छ।'
- 'बैंकहरूमा पैसा थुप्रिएको छ। ब्याजदर न्यून छ। तापनि लगानी गर्न तत्पर हुने व्यवसायी छैनन्।'
- '६० लाखभन्दा बढी जनता निरपेक्ष गरिबीको भुङ्ग्रोमा पिल्सिइरहेका छन्।'
- 'देशमा व्याप्त गहिरो निराशा हटाउन, जनतामा आशा र उत्साहको सञ्चार गर्न अनि देशलाई तीव्र आर्थिक वृद्धिको दिशामा लैजान अहिलेको सरकार बनेको हो।'
- 'गएको आर्थिक वर्षको पहिलो ११ महिनामा १,४५४ अर्ब रुपैयाँको आयात गर्दा हामीले करिब १४० अर्ब रुपैयाँको निर्यात गरेछौं। बिक्री नगर्ने खरिद मात्र गरिरहने पनि व्यापार हुन्छ र?'
- 'भ्रष्टाचार गर्दैनौं। सहन्नौं। कुनै कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीउपर कानुनी कारबाही अघि बढाउँछौं।'
- 'हामी असल छिमेकीपनमा विश्वास गर्छौं। त्यसअनुसारको व्यवहार गर्छौं। हामी छिमेकीका जायज चासो सम्बोधन गर्छौं, साथै हाम्रा जायज चासो सम्बोधन होस् भन्ने पनि अपेक्षा गर्छौं।'
- '५० लाखभन्दा बढी लगानीकर्ताहरू संलग्न सेयर बजार पछिल्लो २ सातामा ४ सय अंकले बढेको छ। नेप्से २७ महिनायताकै उच्च भएको छ।'
- 'संविधान भनेको असंशोधनीय विषय होइन। आवश्यकताले संविधान, ऐन-कानुनमा संशोधन र परिमार्जन हुन्छ।'
- 'विभिन्न ठाउँमा, विभिन्न समयमा हदभन्दा बढीका जमिनहरू कानुन नभइकन, नबनाइकन सट्टापट्टा गर्ने काम भए, भएकै हुन् सट्टापट्टा। कानुन नबनाइकन यसरी नगर्नु भन्ने कुरा भएपछि हामीले (गिरीबन्धुका विषयमा) कानुन बनायौं।'

## बादी समुदायका समस्या सुनिदेऊ सरकार ?



सुशीला बादी

इजलास

नेपालको सन्दर्भमा बादी समुदाय अल्पसंख्यक जातिहरू मध्येको एक समुदाय हो। जसले अन्य अल्पसंख्याक जातिहरूले जस्तो स्वच्छन्दपूर्वक प्रकृतिको काखमा लुटपुटिएर आफ्नो जातीय पहिचान कायम गर्न सकिरहेको अवस्था छैन। बादी समुदायको शिक्षा, सम्पत्ति, जमिन, रोजगारी लगायतका सबै क्षेत्रबाट बञ्चितीकरणमा परेको अवस्था छ। यो समुदायलाई मानिसहरूले हेर्ने नजर पनि निकै फरक छ। हेपाह प्रवृत्ति अहिले पनि छ।

कर्णाली प्रदेशको राजधानीसमेत रहेको सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ शान्तिपुर झुप्राखोलाको बादी बस्तीमा विद्यालय छैन। भर्खरका बालबालिकाहरू पढ्न जाने नवजीन बालविकास केन्द्र छ तर कक्षा १ देखि माथिल्लो तहसम्म पढ्नका लागि हरेक बालबालिकाले २ घण्टा पैदल हिँडेर सुब्बाकुना धाउनुपर्छ। कक्षा १ देखि ५ सम्म पढ्ने बालबालिका विद्यालय टाढा भएकै कारण पढ्न जाँदैनन्।

अर्को कुरा हाम्रो समुदायको न जमिन छ, न रोजगारी छ, न सरकारले कुनै सीप सिकाएर स्वरोजगार सिर्जना गरेको छ। यसले छाक टार्नकै लागि खोलामा बालुवा चाल्ने, गिट्टी कुट्ने र कालापहाड जानुपर्ने यहाँको बाध्यता छ। शान्तिपुर बस्ती मात्र नभई कर्णालीका विभिन्न जिल्लामा रहेका सबै बादी समुदायको अवस्था त्यस्तै छ।

बादी पुरुषहरूले बनाएको परम्परागत सीप उम्दा मादल निकै लोकप्रिय थियो। तर, बनाएका मादल निकै कम बिक्री हुने र बनाउन कच्चा पदार्थसमेत नपाइने समस्याले त्यो सीप लोभ हुने अवस्थामा छ। बादी समुदायको आवाज पनि कसैले सुनिदिँदैन्। आफ्नो आवाज सुनाउन, हामी पनि नेपाली हौं, हामीलाई पनि हक र अधिकार चाहियो, हाम्रो बादीजातिको संरक्षण र सुधार होस् भनेर पटक-पटक यो समुदायले आन्दोलनहरू पनि भएका थिए। तर, राज्यसम्मको पहुँच, समानता र समानुपातिक अधिकार दिलाउन कसैले पनि ध्यान दिएनन्। हाम्रो समुदायका व्यवस्थित घर छैनन्, जग्गा जमिन छैन। कतिले त नागरिकता पनि पाउन सकेका छैनन्। आज पनि बादी जाति रोग, भोक र शोकमा डुबेका छन्।

*(बादी सामाजिक अभियन्ता हुन्।)*

# बागलुङमा नागरिकताभन्दा राहदानी लिने बढी

अर्जुन कार्की | *बागलुङ*

बागलुङमा नागरिकता लिनेभन्दा राहदानी लिनेको संख्या बढेको छ। जिल्ला प्रशासन कार्यालय बागलुङमा अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा नागरिकता बनाउने नागरिकभन्दा राहदानी बनाउने नागरिक ४ हजारभन्दा बढी रहेको पाइएको हो। प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीका अनुसार गत आवको असार मसान्तसम्म ८ हजार ४ सय ११ जनाले नयाँ नागरिकता बनाएका छन्। यस्तै राहदानी बनाउनेको तथ्यांक १३ हजार ५९ जना रहेको छ। जिल्लामा नयाँ नागरिकता बनाउनेभन्दा ४ हजार ६ सय ४८ जना बढी नागरिकले राहदानी बनाएको तथ्यांक रहेको प्रजिअ सुवेदीले बताए।

जिल्ला र इलाका प्रशासन कार्यालय बुर्तिबाङबाट नागरिकता र राहदानीलगायतका सेवाहरू नियमित प्रवाह हुँदै आएको छ। जिल्लामा वैवाहिक अंगीकृत नागरिकता लिने १० र गैरआवासीय नेपाली नागरिकता लिने २१ जना छन्। नागरिकताको प्रतिलिपि लिनेको संख्या बढिरहेको छ। सुवेदीका अनुसार चालु आर्थिक वर्षमा कुल ६ हजार ६ सय ९२ जनालाई नागरिकताको प्रतिलिपी प्रदान गरिएको छ। नयाँ नागरिकताको हिसावमा प्रतिलिपि लिनेको संख्या बढी भएको प्रजिअ सुवेदीले बताए।

- ८ हजार ४ सय ११ जनाले नयाँ नागरिकता बनाउँदा १३ हजार ५९ जनाले राहदानी बनाए।
- नागरिकताभन्दा राहदानी बनाउने ४ हजार ६ सय ४८ बढी।

यस्तै, नाबालक परिचयपत्र बनाउनेको संख्या १ हजार २ सय ३७ जना छन्। राहदानी बनाउन आउने अधिकांश नागरिकले आफ्ना छोराछोरी पनि सँगै विदेश लैजान नाबालक परिचयपत्र बनाएर राहदानी गराउने गरेका छन्। राहदानी लिनेको संख्या बढेसँगै राजस्व संकलन पनि वृद्धि आएको छ। गत आवमा राहदानीबाट मात्रै झन्डै ६ करोड रुपैयाँ राजस्व संकलन गरेको छ। राहदानीसहित अन्य विभिन्न शीर्षकबाट ५ करोड ८७ लाख ५८ हजार ४ सय २५ रुपैयाँ राजस्व संकलन भएको जिल्ला प्रशासन कार्यालय बागलुङले जनाएको छ। राजस्वमा राहदानीको योगदान हेर्दा जिल्लाबाट वैदेशिक रोजगारी र उच्च शिक्षाका लागि बिदेसिने संख्या बढोत्तरी रूपमा रहेको छ।

## ओलीको नियुक्ति विवादको रिट संवैधानिक इजलासमा

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीको नियुक्ति विवादका सम्बन्धमा दायर रिट निवेदनको सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ हुने भएको छ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले आइतबार संवैधानिक इजलासमा पेस गर्न आदेश भएको छ। रिटमा गम्भीर संवैधानिक व्याख्याको प्रश्न रहेको उल्लेख गर्दै संवैधानिक इजलासमा पठाउने आदेश भएको हो। राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) बमोजिम नयाँ सरकार गठनको आह्वान गरेअनुसार नेकपा एमाले अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त भएका थिए। अधिवक्ता दीपक अधिकारी, कीर्तिनाथ शर्मा पौडेल, विजय हमाललगायतले राष्ट्रपतिले धारा ७६ (२) बमोजिम नयाँ सरकार गठन गर्नु असंवैधानिक भएको दावी गर्दै छुट्टाछुट्टै रिट निवेदन दायर गरेका हुन्। रिट निवेदनमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिषद्को कार्यालय, संसद् सचिवालय नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा, नेपाल कम्युनिस्ट पार्टी एमाले संसदीय दलका नेता केपी शर्मा ओली लगायतलाई विपक्षी बनाइएको छ।

# ढल्ने अवस्थामा पुगेपछि दरबारलाई त्रिपालको ओत

- यो जाजरकोटको मात्र नभएर पूरै कर्णालीको मुख्य पर्यटकीय गन्तव्य पनि हो।
- ऐतिहासिक विरासत बोकेको यो दरबार ढल्न नसके पनि बस्न मिल्ने अवस्था छैन।

राजेन्द्र कार्की | *जाजरकोट*

भूकम्पले थिलोथिलो बनाएको जाजरकोट दरबारलाई जोगाउन त्रिपालले ढाकिएको छ। अत्यधिक वर्षातसँगै दरबार चुहिएर भत्किने अवस्थामा पुगेपछि यसलाई जोगाउन त्रिपालको ओत लगाइएको जिल्ला प्रशासन कार्यालय जाजरकोटले जनाएको छ। २ सय २८ वर्ष पुरानो ऐतिहासिक जाजरकोट दरबार गत कात्तिक १७ गते गएको भूकम्पले निकै क्षति पुर्‍याएको थियो। भूकम्प गएको ९ महिना बितिसक्दा पनि पुनर्निर्माण हुन नसकेपछि भग्नावशेषका रूपमा रहेको दरबारलाई तत्काल ढल्न नदिन त्रिपालले ढाकिएको प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले बताए।

डिभिजन वन कार्यालयको सहयोग र समन्वयमा अत्यन्त जोखिमका बावजुद पनि मनसुनजन्य प्रकोप तथा वर्षाबाट थप क्षति हुन नदिन त्रिपालले ढाक्ने काम गरिएको प्रजिअ अधिकारीको भनाइ छ।



**वर्षातबाट जोगाउन त्रिपालले ढाकिएको जाजरकोट दरबार ।**
● राजेन्द्र कार्की

यो दरबारमा हाल सरकारको स्वामित्वमा छ। भूकम्पअघि यस दरबारमा जिल्ला प्रशासन कार्यालय बस्दै आएको थियो। ऐतिहासिक विरासत बोकेको यो दरबार ढल्न नसके पनि बस्न मिल्ने अवस्था छैन। भित्रभित्रै पूरै मक्किएको छ। १९९० सालको भूकम्पले भत्किएको यो दरबार पुनर्निर्माण गरी सात तलाबाट चार तलामा झारिएको थियो। २०५० सालको भूकम्पले पुन: क्षति पुर्‍याएपछि पुरानै शैलीमा पुनर्निर्माण गरिएको थियो। तर, यसपटकको भूकम्पले पुन: दरबारलाई नराम्ररी क्षति पुर्‍याएको छ। पुनर्निर्माणको आवश्यकता छ।

यसलाई नेपाल सरकारले केही वर्षअघि मुलुकका सयवटा पर्यटकीय गन्तव्यको सूचीमा पनि राखेको छ। यसको निर्माण विक्रम सम्बत १८५२ मा तत्कालीन जाजरकोटी राजा इन्द्रनारायण शाहका पालामा निर्माण भएको थियो।

यसको पुनर्निर्माणका लागि १९९० सालपछि भक्तपुरका नेवार उति बेलाका इन्जिनियर नाक्चेलाई ल्याएर यसको पुनर्निर्माण गरिएको थियो। यसमा प्रयोग भएको झ्यालको कला र स्वरूप हेर्दा सुरुकै स्वरूपमा निर्माण भएको देखिन्छ। यो दरबार ऐतिहासिक तथा पुरातात्विक हिसाबले निकै महत्वपूर्ण छ। यो जाजरकोटको मात्र नभएर पूरै कर्णालीको मुख्य पर्यटकीय गन्तव्य पनि हो।

यसलाई बलियो ढंगले पुनर्निर्माण गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने जाजरकोट सम्पदा संरक्षण प्रतिष्ठानका अध्यक्ष जनक केसीले बताए। यसको मौलिकता, ऐतिहासिकता र पुरातात्विक महत्व सुरक्षित हुने गरी पुरानै स्वरूपमा भूकम्पीय जोखिममुक्त तरिका अपनाएर पुनर्निर्माण गर्नुपर्छ। जाजरकोट दरबारलाई संग्रहालयका रूपमा विकास गर्ने अभियान जाजरकोट सम्पदा संरक्षण प्रतिष्ठानले सुरु गरेको छ यसमा सबै क्षेत्रको साथ र सहयोगको आवश्यकता छ अध्यक्ष केसीले भने 'ऐतिहासिक सम्पदा हाम्रा सम्पत्ति हुन्।'

जाजरकोट दरबार जस्तै दर्जनौं सरकारी कार्यालय, विद्यालय, मठमन्दिर, निजी आवासलगायतका भौतिक संरचना वर्षात् सँगै पानी चुहिएर थप जोखिममा परेका छन्। चर्चिएका भवनमा पानी चुहिँदा जतिबेला पनि ढल्न सक्ने र थप जोखिम निम्तिन सक्ने भन्दै स्थानीय प्रशासनले सचेत रहन र सर्तकता अपनाउन आग्रह गरेको छ।